**२०७५ साल मंसिर १७ गते सोमबार बसेको मन्त्रिपरिषद्को २१ औं बैठकले देहायका मन्त्रालयका प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य ब्यहोरा निम्नबमोजिम छन् -**

१. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः** घोराही उप-महानगरपालिकाको वडा सीमाना हेरफेर सम्बन्धमा उक्त नगरपालिकाबाट प्राप्त प्रस्ताव नेपाल सरकार समक्ष पठाउन स्वीकृती प्रदान गर्ने।

२. **आर्थिक मामिला तथा योजना मन्त्रालयः** प्रदेश नं. ५, सार्वजनिक खरिदसम्बन्धी अन्तरिम कार्यविधि, २०७५ स्वीकृत गर्ने।

३. **भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयः** प्रदेश नं. ५, सहकारी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभा समक्ष पेश गर्न स्वीकृती प्रदान गर्ने।

४. नेपालको संविधानको धारा १८३ को उपधारा (१) बमोजिम संवत् २०७५ मंसीर २६ गते बुधबार दिनको १३.०० बजे प्रदेश नं. ५, प्रदेश सभाको अधिवेशन आव्हान हुन नेपालको संविधानको धारा १६६ को उपधारा (२) बमोजिम माननीय प्रदेश प्रमुख समक्ष सिफारिस गर्ने।